नेपाल समाचारपत्र
www.newsofnepal.com
2018, JUL Thursday 5

# विश्व

**अवशेष**
दोस्रो विश्वयुद्धका क्रममा डुबेको एक लडाकु विमानको अवशेष। उक्त विमान खोजीमा अमेरिकी गोताखोरलाई फ्रान्सका नौसेनाले पनि सहयोग गरेका थिए।



**तयार**
चीनको सर्च इन्जिन बाइडुले परीक्षणका लागि तयार गरिराखेका चालकरहित बस एपोलो। उक्त मिनी बस १४ यात्रु बोक्ने क्षमताको हो।



**विश्व २ मिनेट**

**चीन**

## न्याय नपाउँदा आत्महत्या

बेइजिङ, (एजेन्सी)

चीनमा शिक्षकद्वारा यौन शोषण भएकामा न्याय नपाएपछि दुखित बनेकी १९ बर्षीय एक युवतीले आत्महत्या गरकी छिन्। ती युवतीलाई केहीले भवनबाट हामफाल्न उक्साएको पनि बताइएको छ। उत्तर पश्चिम गान्सु प्रान्तको चिंगयांगको एक डिपार्टमेन्टल स्टोरको ८औं तल्लाबाट हाम्फाली उनले आत्महत्या गरेकी थिइन्। उनले पहिला पनि आत्महत्या गर्ने प्रयास गरेको प्रहरीले बताए। ती युवतीले सन् २०१६ सेप्टेम्बरमा एक हाईस्कुल शिक्षकले उसलाई जबरजस्ती चुम्बन गरेको र लुगा फुकाल्ने प्रयास गरेको उजुरी दिएकी थिइन्। तर सम्बन्धित निकायले यौन उत्पीडनको उक्त उजुरीलाई खारेज गरिदिएको थियो।

**अमेरिका**

## नेटोको खर्च बोझ

वासिङ्टन, (एजेन्सी)

अमेरिकाले उत्तर एटलान्टिक सैन्य गठबन्धन नेटोको आर्थिक बोझ उठाउन अनुचित तरिकाले उसलाई बाध्य पारेको आरोप लगाएको छ। अर्को हप्ता राष्ट्रपति डोनाल्ड ट्रम्प युरोप यात्रामा जानु अगाडि ह्वाइट हाउसको तर्फबाट जारी विज्ञप्तिमा उक्त मुद्दा उठाइएको हो। युरोपको आफ्नो यात्राका क्रममा ट्रम्पले २९ राष्ट्र सदस्य रहेको नेटोको शिखर सम्मेलनमा सम्बोधन गर्नेछ। यस सम्मेलनमा नेटोका सदस्य देश तथा नेतासँग रक्षामा आफ्नो खर्च बढाउनका लागि ट्रम्पले दबाब दिने बताइएको छ। सन् १९४९ मा गठित उत्तर एटलान्टिक सन्धि संगठन (नेटो) मा उत्तर अमेरिका र युरोपसहित २९ सदस्य छन्।

**अष्ट्रेलिया**

## पर्यटकको मृत्यु

सिड्नी, (एजेन्सी)

अष्ट्रेलियाको मध्यभागस्थित उलुरु पहाड चढ्ने क्रममा १ जना जापानी पर्यटकको मृत्यु भएको छ। मंगलबार करिब आधा चढाई सकिँदा ७६ वर्षीय नाम नखुलाइएका पर्यटक अचानक ढलेको प्रहरीले जनाएको छ। उनको मृत्युमा कुनै शंका गर्नुपर्ने ठाउँ नरहेको बताइएको छ। पचास दशक यता कम्तीमा ३७ जनाको यस पहाड चढ्ने क्रममा मृत्यु भएकाले सन् २०१९ को अक्टोबरदेखि यसको पर्वतारोहणमा प्रतिबन्ध लगाइने भएको छ। आदीबासी अष्ट्रेलियालीहरूले लामो समयदेखि यो पहाड नचढ्न सबैलाई सतर्क बनाउँदै आएका थिए।

**पोल्यान्ड**

## न्यायिक विरोध

वार्सा, (एजेन्सी)

पोल्यान्डको सर्वोच्च अदालतका प्रधान न्यायाधीशले दर्जनौं वरिष्ठ न्यायाधीशलाई निश्चित समयभन्दा पहिले नै अवकाश लिन लगाउने विवादास्पद कानुनलाई बुधबार अस्वीकार गरेकी छिन्। ६५ वर्षीय प्रधान्यायाधीश माल्गोर्जाता गर्सडोर्फलाई सरकारले मंगलबारको मध्यराति राजिनामा दिन आदेश दिँदै उनको स्थानमा अर्कै व्यक्तिको नाम सिफारिस गरेको थियो। उनले न्यायाधीशलाई ७० वर्षको सट्टा ६५ मै अवकास दिने नयाँ कानुनको विरोध गरेकी थिइन्। पोल्यान्डका प्रधानमन्त्री मातेउस्ज मोराविएकीले सरकारको यस नयाँ कानुनको वकालत गर्दै प्रत्येक युरोपेली राष्ट्रसँग न्यायिक प्रणाली विकास गर्ने अधिकार रहेको बताएका छन्।

# थाइ गुफा काण्डको अर्को भिडियो बाहिरियो

बैंकक, (एजेन्सी)

धेरै दिनदेखि थाइल्यान्डको एउटा गुफामा थुनिएका १२ जना किशोर र तिनीहरूका १ जना प्रशिक्षकका बारे सरकारले बुधबार एउटा नयाँ भिडियो सार्वजनिक गरेको छ। सो भिडियोमा तिनीहरूले आफ्नो स्वास्थअवस्था ठीक रहेको बताएका छन्। भिडियोमा तिनीहरूले हाँस्दै खुसीका साथ पालैपालो आफ्नो परिचय दिइरहेको देखिन्छ। ९ दिनदेखि बाढीको पानी जमेको लामो शुरूङमा थुनिएका तिनीहरूलाई बेलायतका २ जना तैराकीले जीवित अवास्थामा फेला पारेका थिए। तिनीहरूलाई सरकारले खाद्यान्न र औषधि उपलब्ध गराएको छ। तिनीहरू त्यहाँबाट बाहिर निस्कन कि त पानीमुनि तैरिएर आउनुपर्ने वा पानी नसुकुन्जेल महिनौं कुनुपर्ने बताइएको छ। तर भर्खरै मात्र वर्षात्को मौसम शुरू भएकाले थाम लुआंग गुफामा पानीको उचाइ निरन्तर बढिरहनु ठूलो समस्या भएको छ।



अन्य २ वटा भिडियोमा १ जना डाक्टरले ती केटाहरूलाई लागेको सामान्य चोटपटकको उपचार गरिराखेको र तिनीहरूले कति चाँडो खाना आइपुग्छ भनी सोधेको दृश्यहरू छन्।


नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
**जिल्ला हुलाक कार्यालय, तनहुँ**

**आर्थिक प्रस्ताव खोल्ने सम्वन्धी सूचना**

(प्रकाशित मिति: २०७५।०३।२१)

यस कार्यालयबाट मिति २०७५।०१।२३ मा बोलपत्र आव्हान गरिएको तपशिल बमोजिमको ठेक्कामा तपाईको फर्मबाट दर्ता गराउनु भएको शिलबन्दी बोलपत्र खोली प्राविधिक प्रस्ताव मुल्यांकन गर्दा तपशिलको तालिका बमोजिमको बोलपत्रदाताको प्राविधिक प्रस्ताव उत्तीर्ण भएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) को उपनियम ५ बमोजिम तपशिलमा उल्लेख भएको मिति, स्थान र समयमा आर्थिक प्रस्ताव खोलिने भएकोले सो समयमा उपस्थितीको लागि जानकारी गराइन्छ ।

तपशिल

| सि. नं. | ठेक्का नम्बर | प्राविधिक प्रस्तावमा उत्तीर्ण बोलपत्रदाता |
|---|---|---|
| १. | जिल्ला हुलाक कार्यालय तनहुँको कार्यालय भवन निर्माण **DPO/Tanahun/NCB/Works/074/75-01** | Rishishakti Builder's & Engineer's Pvt.Ltd, Balkhu, Kathmandu |
| २. | | Krischal/Sachet J.V., Gorkha |
| ३. | | Ganesh Kunda/I.S. Nirman Sewa, Bidur-01, Nuwakot |

**कार्यालय प्रमुख**

मिति :- २०७५/०३/२८
स्थान :- जिल्ला हुलाक कार्यालय, तनहुँ
समय :- दिनको १:०० बजे



**अपर तामाकोशी हाइड्रोपावर लिमिटेड**
UTKHPL
अन्नपूर्ण मार्ग, ज्ञानेश्वर, काठमाडौं
फोन नं. ४४२१६९४ फ्याक्स नं. ४४१२५६८
URL: www.tamakoshihydro.org.np, Email: neautp@mos.com.np
को

**शेयर निष्काशनका लागि दरखास्त फाराम संकलन मिति संशोधनसम्बन्धी सूचना**

अपर तामाकोशी हाइड्रोपावर लिमिटेडद्वारा सञ्चालित माथिल्लो तामाकोशी जलविद्युत् आयोजना प्रभावित क्षेत्र दोलखा जिल्लाका स्थानीय बासिन्दाहरूका लागि छुट्याइएको १०% शेयर निष्काशन गर्ने सम्बन्धमा मिति २०७५/०३/१२ गतेको गोरखापत्र दैनिकलगायतका पत्रिकामा प्रकाशित आह्वानपत्रमा प्रथम चरणमा मिति २०७५/०३/२४ देखि २०७५/०४/०९ सम्म दरखास्त फाराम संकलन गर्ने भनिएकामा जिल्ला समन्वय समिति, दोलखाको मिति २०७५/०३/१८ को बैठकबाट भएको सिफारिससाथ अनुरोध भएबमोजिम दरखास्त दिन पाउने अवधि संशोधन गरी मिति २०७५ साउन १६ गतेदेखि २०७५ भदौ १४ गतेसम्म कायम गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:**

**नागरिक लगानी कोष**
नयाँ बानेश्वर, काठमाडौं
फोन नं: ४७८५३२१, फ्याक्स नं. ४७८५३२०
URL: www.nlk.org.np
Email: cit.cmkt@gmail.com

**सह-निष्काशन तथा बिक्री प्रबन्धक:**

**सन्‌राइज क्यापिटल लिमिटेड**
**SUNRISE CAPITAL LTD.**
(सनराइज बैंक लिमिटेडको सहायक कम्पनी)
पो. ब. नं. १२०५५, कमलपोखरी, काठमाडौं
फोन नं ४४२८५५०, फ्याक्स नं. ४४२८६८८
URL: www.capital.com.np
Email: info@sunrisecapital.com.np


# मेक्सिकोको राष्ट्रपति चुनाव नतिजामा ट्रम्पको प्रभाव

## लोपेजसँग मिलेर काम गर्ने ट्रम्पको चाहना

वासिङ्टन, (एजेन्सी)

अमेरिकामा डोनाल्ड ट्रम्प राष्ट्रपति बनेको १० दिन मात्र भएको थियो, मेक्सिकोका बामपन्थी नेता म्यानुएल लोपेज ओब्राडोले 'आप्रवासीको रक्षा' का लागि अमेरिका जाने घोषणा गरेका थिए। यो सन् २०१७ जनवरीको घटना हो।

उक्त भ्रमणका क्रममा उनी अमेरिकाको फरक-फरक सहरमा गए र ट्रम्पमाथि हिटलर शैली अपनाइरहेको आरोप लगाएका थिए। 'हिटलरले यहुदीका बारेमा' जसरी कुरा गरेका थिए, ठीक त्यसरी नै मेक्सिकोका नागरिकका बारेमा ट्रम्पले कुरा गरिरहेको उनले आरोपमा भनेका थिए। लापेजले ट्रम्पमाथि मेक्सिकोका नागरिकविरुद्ध घृणायुक्त अभियान चलाइरहेको आरोप पनि लगाएका थिए। पछि उनले उक्त यात्राको अनुभवमा 'हे ट्रम्प' नामक किताब पनि लेखे। लापेजले यी सबै गरिरहँदा मेक्सिकोका विद्यमान राष्ट्रपति एनरिक पेना निएटो मौन थिए।



सन् २०१० मा साहित्यमा नोबेल पुरस्कार जितेका पेरुका लेखक र पत्रकार मारियो वर्गास लियोसाले मेक्सिकोका जनताको अपमान गरी ट्रम्पले लोपेजको मार्ग सहज बनाइदिएको बताएका थिए। मेक्सिकोका राष्ट्रपति पदको चुनाव जितेपछि लोपेज र ट्रम्पबीच सोमबार आपसी फोनवार्ता भएको पुष्टि भएको छ। उनीहरूबीच फोनमा करिब आधा घन्टा कुरा भएको थियो। वार्तामा उनीहरूले अवैध घूसपैठ तथा पलायन रोक्ने र सुरक्षा बढाउने विषयमा चर्चा गरेका थिए।

यसअघि ट्रम्पले ट्विट गर्दै मेक्सिकोका नव निर्वाचित राष्ट्रपति लोपेजलाई बधाइ दिइसकेका थिए। आफ्नो ट्विटमा उनले २ देशको राम्रो भविष्यका लागि उनीसँग मिलेर काम गर्ने इच्छा व्यक्त गरेका थिए। उनले भने- 'म आन्ड्रेज मेनुअल लोपेज ओब्राडोरलाई मेक्सिकोका भावी राष्ट्रपति बन्न गइरहेकामा बधाइ दिन चाहन्छु। म उनीसँग मिलेर काम गर्ने पर्खाइमा छु। अमेरिका र मेक्सिकोको फाइदाका लागि हामीलाई अहिले धेरै गुर्नछ।' मेक्सिकन काउन्सिल अफ इन्टरनेसनल अफियर्सले अध्यक्ष लुइस रुबियोकोका अनुसार मेक्सिकोको चुनावमा ट्रम्पको अप्रत्यक्ष असर परेको छ। रुबियोले भने- 'मेक्सिकोका धेरैजसो ट्रम्पको अपमानजनक बयानप्रति रुष्ट छन्। उनीहरू मेक्सिकोका कुनै पनि नेताले ट्रम्पलाई कुनै जवाफ पनि नदिएको र आम जनताले बुझ्ने गरी कुनै काम पनि नगरेकामा उनीहरू रुष्ट थिए।

हालैका दिनमा मेक्सिकोबाट अमेरिकी सीमा घूसपैठ गर्ने अवैध आप्रवासी र उनीहरूका बच्चालाई लिएर २ देशबीच तनाव बढेको छ। आप्रवासीका बच्चालाई उनीहरूबाट अलग गरेको र बच्चालाई 'हिरासत केन्द्र'मा राखिएकामा ट्रम्प प्रशासनको व्यापक आलोचना भयो। विवाद अत्यधिक बढेपछि ट्रम्पलाई परिवारबाट बच्चा अलग नगर्ने आदेश जारी गर्नुपर्‍यो। चुनावमा लोपेजको विजयमा ट्रम्पको प्रत्यक्ष हस्तक्षेप देखिँदैन। ट्रम्पले खुलेर मेक्सिकोका चुनावका विषयमा केही पनि बोलेका छैनन्। केही विशेषज्ञ पनि मेक्सिकोको चुनावी नतिजामा ट्रम्पको भूमिकालाई अस्वीकार गरेका छन्।

एक चुनावी फर्मका निर्देशक जर्ज वेडियाले भने- 'मेक्सिको चुनावी अभियानको विषय ट्रम्प थिएनन्। मलाई उनको केही असर छ जस्तो लाग्दैन। मेक्सिकोको चुनावी मैदानमा उत्रेका सबै उम्मेद्वार ट्रम्पका बारेमा लोपेजको विचारसँग सहमत राख्छन्। ट्रम्पलाई मेक्सिकोका जनता मन पराउँदैनन्। त्यहाँ प्रत्येक १० मध्ये ८ मतदाता ट्रम्पका बारेमा नकारात्मक सोच राख्ने गरेको उनले बताए।

कैयौंले लोपेजको जितको पछाडि भ्रष्टाचार र हिंसाजस्ता मुद्दामा जनताले झेल्नुपरेको समस्यामा भएको बताएका छन्। लोपेजले ती आन्तरिक मुद्दामा काम गर्ने प्रतिबद्धता गरेका थिए।

ट्रम्प र लोपेज दुवै विदेशी देशसँगको सम्बन्धलाई भन्दा देशको राजनीतिमा धेरै ध्यान दिन्छन्। ट्रम्पले जस्तै लोपेजले पनि अमेरिकाबाट भ्रष्ट सत्ता हटाउने प्रतिबद्धता गरेका थिए। तर अमेरिकाको झुकावलाई 'दक्षिण' र मेक्सिकोको झुकावलाई 'वाम' मानिएको छ। २ नेताबीच सम्बन्धलाई लिएर केही विज्ञ उनीहरूबीच एकअर्कालाई बुझ्न कठिन हुने बताउँछन्। किनभने उनीहरू एकअर्काबाट विचारधारमा धेरै भिन्न छन्। तर केही राजनीतिक विश्लेषकले भने उनीहरूबीच राम्रो तालमेल हुने धारणा राखेका छन्।

# बागदादीका छोरा सिरियामा मारिए

दमास्कस, (एजेन्सी)

लडाकू समूह इस्लामिक स्टेट (आइएस) का नेता अबु बाकर अल बागदादीका १ जना छोराको सिरियामा भएको एक भीडन्तमा ज्यान गएको आइएस न्युज आउटलेटले जनाएको छ।

टेलिग्राम म्यासेजले होम्स प्रान्तस्थित उर्जा केन्द्रमा सिरियाली सरकार र रुसी फौजविरुद्ध चलाइएको कमान्डो अपरेसनमा हुधायफाह अल बादरीको ज्यान गएको बताएको छ।

यस न्युज आउटलेटले अन्य विस्तृत विवरण नदिए पनि अल बादरीको राइफल बोकेको एउटा तस्वीर सार्वजनिक गरेको छ। वास्तविक नाम इब्राहिम अवाद इब्राहिम अल बादरी रहेका उनका पिताको अत्तोपत्तो थाहा हुन सकेको छैन। तर उनी अझै जिवितै रहेको अनुमान गरिन्छ। संयुक्त राज्य अमेरिकाद्वारा टाउकाको मूल्य २ करोड ५० लाख तोकिएका बागदादी मारिएको वा घाइते भएको थुप्रै पटक खबर सार्वजनिक भइसकेका छन्। उनी सन् २०१७ को सेप्टेम्बर यता कतै सार्वजनिक भएका छैनन्।

उनले अन्तिमपटक पश्चिमी जगत्विरुद्ध र सिरिया र इराकमा युद्ध जारी राख्न आफ्ना समर्थकलाई आह्वान गरेका थिए। उनको पारिवारिक पृष्ठभूमिबारे कमै जानकारी बाहिरिएको छ। तर जिहादीसम्बन्धी विशेषज्ञ हिसाम अल हासिमीले अल वादरीको सन् २००० मा इराकको समारा शहरमा जन्म भएको बताएका छन्।

